गल्कोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गल्कोट, बागलुङ

४ नं. प्रदेश, नेपाल

## गल्कोट नगरपालिकाको अत्यन्त जरुरी सुचना।

गल्कोट नगरपालिका क्षेत्रमा सञ्चालन गरिएका विभिन्न व्यवसाय, उद्योगधन्दा/ कल कारखाना/ होटल तथा रेष्टुरेन्ट तथा अन्य पसल तथा व्यवसायहरु अनिवार्य रुपमा मिति २०७४ असोज मसान्त भित्र दर्ता गर्नु गराउनु हुन यो सुचना प्रकाशित गरिएको छ । साथै यस पश्चात स्थापना तथा सँचालन हुने सबै प्रकारका व्यवसाय, उद्योगधन्दा/ कल कारखाना/ होटल तथा रेष्टुरेन्ट तथा अन्य पसल तथा व्यवसायहरु नगरपालिकामा अनिवार्य रुपमा दर्ता र अनुमती प्राप्त गरेर मात्र सँचालनमा ल्याउनु भै नगरपालिकालाई सहयोग गरिदिनुहुन सबैको जानकारिको लागी यो सुचना प्रकाशित गरिएको छ।

व्यवसाय दर्ता गर्नको लागी आवश्यक कागजातहरुः

१. रीतपुर्वकको निवेदन
२. सञ्चालकको नेपाली नागरिकताको प्रतिलिपी
३. भाडामा घर वा जग्गा लिई व्यवसाय सञ्चालन गरिने भए सोको सम्झौतापत्र
४. आफ्नै जग्गा वा घर भए नियमानुसार घरजग्गा कर वा मालपोत वा एकीकृत सम्पत्ति कर तिरेको रसिद
५. दुई प्रति पासपोर्ट साईजको फोटो

प्रथम पटक सुचना प्रकाशित मितिः २०७४।०४।०१

प्रदिप चन्द्र सुबेदी
कार्यकारी अधिकृत

गल्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिचौर
२०७३

गल्कोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गल्कोट, बागलुङ

४ नं. प्रदेश, नेपाल

## गल्कोट नगरपालिकाको अत्यन्त जरुरी सुचना ।।

गल्कोट नगरपालिकाको प्रथम नगर सभाको निर्णय अनुसार नगरपालिका क्षेत्रमा जग्गा खण्डीकरण गरी विना स्वीकृति प्लटिङ गर्ने, वेचविखन गर्ने तथा भौतिक सँरचना निर्माण गर्ने कार्यलाई कानुनी दायरामा ल्याउन **एकीकृत जग्गा तथा वस्ती विकास योजना** तयार भै स्वीकृत नहुने समयसम्मको लागी कित्ता काट गर्ने र नक्सापास तथा अन्य भौतिक सँरचनाको निर्माणको लागि सिफारिस तथा स्वीकृति रोक्का राख्ने निर्णय भए बमोजिम गल्कोट नगरपालिका क्षेत्रमा त्यस्तो कार्य नगर्नुनगराउनु हुन सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । निर्णय विपरित गरेको पाईएमा प्रचलित कानुन बमोजिम कानुनी कारवाही हुने जानकारी समेत यसै सुचना द्वारा गराईन्छ ।

प्रथम पटक सुचना प्रकाशित मितिः २०७४/०४/०१

गल्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिचौर
२०७३

प्रदिप चन्द्र सुबेदी
कार्यकारी अधिकृत